# नेपाल राजपत्र

नेपाल सरकारद्वारा प्रकाशित

खण्ड ६९) काठमाडौं, असार २५ गते, २०७६ साल (संख्या १५


## भाग ५

### नेपाल सरकार

### उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयको

### सूचना १

नेपाल सरकारले निकासी पैठारी (नियन्त्रण) ऐन, २०१३ को दफा ३ को उपदफा (२) ले दिएको अधिकार प्रयोग गरी खण्ड ६९, सङ्ख्या ११, मिति २०७६।०३।०२ को नेपाल राजपत्र भाग ५ मा प्रकाशित यस मन्त्रालयको सूचना १ मा प्रकाशित आदेशको प्रकरण ६ को खण्ड (ख) मा रहेका "पचहत्तर प्रतिशत"भन्ने शब्दहरूको सट्टा "साठी प्रतिशत" भन्ने शब्दहरू राखेकोले यो सूचना प्रकाशन गरिएको छ ।

### सूचना २

नेपाल सरकारले खण्ड ६९, सङ्ख्या ११, मिति २०७६।०३।०२ को नेपाल राजपत्र भाग ५ मा प्रकाशित यस

मन्त्रालयको सूचना २ को प्रकरण ११ पछि देहायको प्रकरण १२ थपेकोले यो सूचना प्रकाशन गरिएको छ :-

"१२. यो सूचना लागू हुनु भन्दा पूर्व प्रतितपत्र लगायतका बैङ्किक प्रकिया पूरा गरी निकासी वा पैठारीको प्रक्रियामा रहेका माल वस्तुको हकमा यो सूचना बमोजिमको प्रतिबन्ध लागू हुने छैन ।"

आज्ञाले,
यामकुमारी खतिवडा
नेपाल सरकारको सचिव



मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित । मूल्य रू ५।-
गो.हु.द.नं. १६।२०६२।६३